# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८२।१०।१९ गते।

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला महोत्तरी, साबिक ईटरहर्वाकट्टी गाउँ विकास समिति, वडा नं. ३ को कित्ता नं. १३४२, १३४३ र १३४४ जग्गालाई सर्वे नापीमा ईटरहर्वाकट्टी गाउँ विकास समिति, वडा नं. ३ को कित्ता नं. १२७ कायम गरिएकोमा सो जग्गा साविकदेखि हालसम्म हाम्रो भोगचलनमा रहेको तर लालपुर्जा नरहेकोमा नेपाल सरकारले छुट जग्गा दर्ताको सूचना निकालेकाले मालपोत कार्यालय, जलेश्वरमा गई निवेदन दिँदा उक्त कित्ता नं. १२७ को जग्गा मालपोतका कर्मचारीहरूको मिलेमतोमा अन्य व्यक्तिको नाममा दर्ता गरी दिएकोले छानबिन गरी दोषीलाई कारबाही हुन भन्नेसमेत व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला महोत्तरी, साबिक ईटहर्वाकट्टी गाउँ विकास समिति, वडा नं. ३, कित्ता नं. १२७, क्षेत्रफल ०-५-१२ जग्गाको सुरू नापीका बखतको फिल्डबुकमा **किसानको महल खाली, जग्गावालाको महलमा प.प्रमाणित (पर्ती प्रमाणित), विरहमा पोखरी** उल्लेख भएको सरकारी सार्वजनिक जग्गालाई गैरकानुनी रूपमा राष्ट्रसेवक कर्मचारीहरूसमेतको मिलेमतोमा प्रतिवादी राजिव कुमार ठाकुरको नाममा जग्गाधनी दर्ता स्रेस्ता र पुर्जा कायम भएको देखिएको, उक्त जग्गा राजिव कुमार ठाकुरको नाममा कुन मितिमा, के कसरी, कुन विधि र प्रक्रियाबाट स्रेस्ता पुर्जा कायम भएको हो सो सम्बन्धी व्यहोरा (जग्गा दर्ता/राजीनामा/अदालतको फैसला/आदेश/अंशबण्डा/नामसारी आदि) जग्गाधनी दर्ता स्रेस्ताको कैफियतमा उल्लेख भएको देखिँदैन भने स्रेस्तामा जग्गा रहेको वडा नं. जग्गाको विवरण (पर्ती, पोखरी इत्यादि) र जग्गाको हकहिस्सा समेत उल्लेख भएको नदेखिएको, जग्गाधनी दर्ता स्रेस्तामा वडा नं.नै उल्लेख नगरी कित्ता नं. १२७ क्षेत्रफल ०-५-१२ उल्लेख भएको राजिव कुमार ठाकुरको नामको उक्त स्रेस्ता मै कित्ता नं.१२७ भन्दा माथिपट्टि रहेको कित्ता नं. १८०, १६७ र १७५ कैफियत व्यहोरा र स्रेस्ता प्रमाणित मिति प्रष्ट देखिएको, उक्त जग्गाको विवरण (पर्ती, पोखरी इत्यादि) र जग्गाको हकहिस्सा उल्लेख नभएको कैफियत व्यहोरा (जग्गा दर्ता/राजीनामा/अदालतको फैसला/आदेश/अंशबण्डा/नामसारी आदि) स्रेस्ता प्रमाणित मिति तथा हस्ताक्षर स्पष्ट नभएबाट समेत राजिव कुमार ठाकुरको नाममा उक्त कित्ता गैरकानुनी रूपमा थप गरेको देखिएको, उक्त कित्ताको विवरण Computer System मा मिति २०८०।०४।०८ गते मात्र प्रबिष्ट गरेको, मिति २०७४।०१।१२ गतेदेखि मिति २०८०।०४।०८ गतेसम्मको अवधिमा नेपाल सरकारबाट छुट जग्गा दर्ता समेत नखुलेको तथा छुटदर्ताका लागि निवेदन परेको पनि नदेखिएको, सो सम्बन्धी कुनै काम कारवाही तथा निर्णय समेत नभएको जानकारी हुँदाहुँदै कुनैपनि तवरले व्यक्ति विशेषको नाममा कायम हुनै नसक्ने उक्त सरकारी सार्वजनिक जग्गाको गैरकानुनी रूपमा व्यक्ति विशेष (राजिव कुमार ठाकुर) को नाममा जग्गाधनी दर्ता स्रेस्ता र पुर्जा तयार गरे गराएको देखिएको, यसरी कुनै आधार प्रमाण विनानै मनपरी हिसाबले मालपोतमा रहेका जग्गाको मोठ स्रेस्ता समेतका कागजातमा अनाधिकार एवम् गैरकानुनी तरिकाले सरकारी सार्वजनिक जग्गालाई सच्याउने, केरमेट गर्ने, थपघट गर्ने एवं हेरफेर गरी मिति २०८०।०४।०८ गते गैरकानुनी रूपमा कम्प्युटरमा समेत स्रेस्ता अध्यावधिक गरेको देखिंदा भूमिसुधार तथा मालपोत कार्यालय, जलेश्वर, महोत्तरीमा मोठफाँटमा कार्यरत नायब सुब्बा **परमानन्द साह**, कम्प्युटर अप्रेटर **रविन्द्र कुमार सिंह** र **राजिव कुमार ठाकुर**को एक आपसको मिलेमतोमा गैरकानुनी लाभ लिई दिई दिलाई सरकारी सम्पत्तिको हिनामिना गर्ने दुषित मनासयले नै सुरू नापीका बखत जग्गावालाको महलमा **प.प्रमाणित, किसानको महल खाली, विरहमा पोखरी उल्लेख भएको सरकारी सार्वजनिक** जग्गाको गैरकानुनी रूपमा व्यक्ति विशेषको नाममा

दुषित जग्गाधनी दर्ता स्रेस्ता पुर्जा कायम गरी सरकारी सम्पत्तिको हिनामिनासमेत गरेको स्पष्ट हुन आएको हुँदा आ.व. २०८२/०८३ को रजिष्ट्रेशन प्रयोजनार्थ न्यूनतम मूल्याङ्कन प्रतिकठ्ठा रू.३,००,०००।— (तीन लाख रुपैयाँ) का दरले न्यूनतम मूल्याङ्कन रू.१७,२५,०००।- (सत्र लाख पच्चीस हजार रूपैयाँ) रहेको भूमिसुधार तथा मालपोत कार्यालय, जलेश्वर, महोत्तरीको पत्रबाट उल्लेख भई आएकाले निज प्रतिवादीहरूलाई देहायको कसुरमा देहायबमोजिम सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

<u>**देहाय**</u>

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | भूमिसुधार तथा मालपोत कार्यालय, जलेश्वर, महोत्तरीमा नायव सुब्बा पदमा कार्यरत **परमानन्द साह र** कम्प्युटर अप्रेटर पदमा कार्यरत **रविन्द्र कुमार सिंह** | **जनही**<br>रू.१७,२५,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसुरमा बिगो रू. सत्र लाख पच्चीस हजार रूपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवानाको सजाय गरी बिगो असूल उपर हुन एवं गैरकानुनी रूपमा जग्गाधनी दर्ता स्रेस्ता समेतका गलत लिखत तयार गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसुरमा सोही ऐनको दफा ९ बमोजिम कैद र जरिवाना सजाय हुन र जग्गाको मोठ स्रेस्ता समेतका कागजातमा अनाधिकार एवम् गैरकानुनी तरिकाले सरकारी सार्वजनिक जग्गालाई सच्याउने, केरमेट गर्ने, थपघट गर्ने एवं हेरफेर गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिमको कसुरमा सोही ऐनको दफा ११ वमोजिम कैद र जरिवाना सजाय हुनसमेत मागदाबी लिइएको छ। |
| २. | जिल्ला महोत्तरी, मनरा सिसवा नगरपालिका, वडा नं. २, बस्ने **राजिव कुमार ठाकुर** | रू.१७,२५,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानुनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर भएको हुँदा मुख्य कसुरदारलाई बिगो रू. सत्र लाख पच्चीस हजार रुपैयाँ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवानाको सजाय गरी बिगो असूल उपर हुन तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसुरमा सोही ऐनको दफा ९ बमोजिम कैद र जरिवाना सजाय हुन र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिमको कसुरमा सोही ऐनको दफा ११ बमोजिम कैद र जरिवाना सजाय हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ बमोजिमको प्रतिबन्धात्मक वाक्यांश बमोजिम मूल कसुरदारलाई हुने सजाय सरह सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने